# लुङग्री गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा
(लुम्बिनी प्रदेश, नेपाल)

इमेल: lungrimun@gmail.com
http://www.lungrimun.gov.np
www.facebook.com/lungrimun

पत्र संख्याः ०७९/८०
चलानी नम्बरः

मिति : २०७९/०५/०६

## छात्रवृत्ति सम्बन्धि सूचना

लुङग्री गाउँपालिका, स्ट्रोम फाउन्डेशन र मानव अधिकार सचेतना केन्द्र (हुरेक) नेपाल रोल्पाको साझेदारीमा संबाद छात्रवृत्ति कार्यक्रम अन्तर्गत संबाद छात्रवृत्ति छनौट समितिको मिति २०७९ भाद्र ०२ गतेको निर्णय बमोजिम यस गाउँपालिका भित्रका जेहन्दार तथा गरिब बिद्यार्थीहरुलाई प्राबिधिक र अप्राबिधिक शिक्षाको क्षेत्रमा छात्रवृत्ति प्रदान गरिने भएकाले तपसिल बमोजिमको आधार र मापदण्ड पुरा गरेका कोशोर कोशोरीहरुलाई ३० दिन भित्र https://samvad-scholarship.kirdarc.org/ लिंकबाट फारम भरी आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

**प्राबिधिक तर्फबाट प्रदान गरिने छात्रवृत्ति**

- स्टाफ नर्स
- जेटिए (पशुपंक्षी र कृषि विकास)
- स्वास्थ्य सहायक
- सब-इन्जिनियर
- ल्याब प्राबिधिक

**अप्राविधिक बिषयमा प्रदान गरिने छात्रवृत्ति**

(माध्यमिक तथा स्नातक तह छानौका आधार र मापदण्ड)

- ✓ आवेदन दिने आवेदकले ग्रेजुएट फोरम वा किशोर किशोरी सञ्जाल मध्ये एउटा सदस्य भएको हुनुपर्ने छ ।
- ✓ छात्रवृत्तिको कूल रकम कम्तिमा ८० प्रतिशत सम्बाद ग्रेजुएट फोरम वा कोशोर किशोरीहरु संजालका सदस्यलाई प्रदान गरिने छ । स्थानीय आवश्यकताको विश्लेषण गरी छात्रवृत्ति प्रदान गर्न आवश्यक देखिएकोमा २० प्रतिशत अन्य ( सम्बाद कार्यक्रम भन्दा बाहिर) पनि प्रदान गर्न सकिने छ तर यथेष्ट आधार पुष्टि गर्नु पर्ने छ ।
- ✓ आवेदकले छात्रवृत्ति प्राप्त गर्नका लागि प्राबिधिक शिक्षाको तोकिएको प्रवेश परिक्षामा उत्तीर्ण गरको वा पहिलो बर्ष अध्ययनरत गर्नु पर्ने छ ।

**मापदण्डहरु :**

**शैक्षिक योग्यता** :- यो मापदण्डका लागि शैक्षिक ग्रेड प्रमुख आधार हुनेछ । यस अन्तर्गत ४० प्रतिशत अंक प्राप्त गर्नेछन् यसको निर्धारण गर्न शैक्षिक प्रमाणपत्रलाई आधार मात्र सकिने छ ।

**सामाजिक पक्ष** :- यो पक्षले सामाजिक बिबिधताका हरेक पक्षलाई समेट्ने कोशिस गरेको छ । जस अन्तर्गत यो पक्षलाई तीन क्षेत्रमा बिभाजन गरको छ । (१) उम्मेदवारको जातजाति (२) अपांगता (३) लैंगिक सामाजिक समावेशीकरण । यस मापदण्डको लागि ३० प्रतिशत अंक छुट्याईएको छ ।

**आर्थिक पक्ष** :- यो मापदण्डलाई तीन क्षेत्रमा बिभाजन गरिएको छ । (१) आर्थिक स्रोत (२) सम्पत्ति (जग्गा र सम्पत्ति) (३) रोजगार स्थिति (आवेदन सदस्य वा नजिकको नातेदारका रोजगार स्थिति) । यस मापदण्डको लागि ३० प्रतिशत छुट्याईएको छ ।

नि- प्रमुख प्रशासकिय अधिकृत